



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २७३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज ३१ गते शनिबार ❑ 17 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-



हार्दिक मंगलमय शुभकामना

विजयादशमी-२०८३ को अवसरमा हामी हाम्रा समस्त पाठक, ग्राहकवर्ग, लेखक, विज्ञापनदाता, शुभेच्छुक एवं सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सम्वृद्धि र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पोखरापत्र दैनिक परिवार


अबको अंक कोजाग्रत पूर्णिमा पछि प्रकाशित हुनेछ।

## प्रहरीले अपराध नियन्त्रणमा दृढता अपनाउनुपर्नेः मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, ३० असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रहरीले अपराध नियन्त्रणमा दृढता अपनाउनुपर्ने धारणा व्यक्त गर्नुभएको छ।

एकहत्तरौँ प्रहरी दिवसको अवसरमा गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराले शुक्रबार आयोजना गरेको कार्यक्रममा उहाँले सो धारणा राख्नुभएको हो । उहाँले अनुसन्धानमा निष्पक्षता, सेवा प्रवाहमा संवेदनशीलता र कानुन कार्यान्वयनमा निर्भिकता भइ अघिबढ्न प्रहरीलाई आव्हान गर्नुभएको छ।

मुख्यमन्त्री पाण्डेले प्रविधिको विकाससँग हिंसा बढेकाले त्यसको न्यूनीकरणलाई कम गर्न प्रहरीलाई आग्रह गर्नुभयो । प्रदेश सरकारले नेपाल प्रहरीलाई भौतिक पूर्वाधार, ट्राफिक उपकरण तथा सवारी साधन खरिद, विभिन्न तालिममा



वित्तिय सहयोग गर्दै आएको उहाँले जानकारी दिनुभयो।

यसका साथै विपद्पछिको उद्धार तथा खोजमा प्रयोग हुने सामग्रीमा समेतमा सहयोग गर्दै आएको छ। पोखरा महानगर प्रमुख धनराज आचार्यले 'जनताको साथी प्रहरी', 'मुस्कानसहितको सेवा'लगायतको कार्य गर्दै आएकामा खुसी व्यक्त गर्नुभयो।

कार्यक्रममा गण्डकी प्रदेश प्रहरी प्रमुख दीपेन्द्रबहादुर जिसी, कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिँह गुरुङ, नेपाल पत्रकार महासङ्घ गण्डकीका अध्यक्ष रमेश पौडेल, पूर्वप्रहरी सङ्गठन गण्डकीका अध्यक्ष खिमलाल पराजुली लगायतले प्रहरीको भूमिका र जिम्मेवारीका बारेमा बोल्नुभएको थियो । सो अवसरमा पूर्वप्रहरी कर्मचारी, अमर प्रहरी तथा विभिन्न खोज तथा उद्धारमा प्रभावकारी भूमिका निर्वाह गर्ने प्रहरीलाई सम्मान गरिएको थियो।

## पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा 'आरएनपी-एआर' प्रणाली लागू गरिँदै

पोखरापत्र संवाददाता
पोखरा, ३० असोज

पोखरा अन्तराष्ट्रिय विमानस्थलमा 'आरएनपी-एआर' (रिक्वायर्ड नेभिगेसन पर्फमेन्स अथराइजेसन रिक्वायर्ड) प्रणाली लागू गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणले आवश्यक प्राविधिक अध्ययन गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाएको छ।

हाल यस विमानस्थलमा 'भिओआर/डिएमई' तथा 'आइएलएस' प्रणालीमा आधारित हवाई उडान हुँदै आएको छ। विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले 'आरएनपी-एआर' प्रणाली लागू भएपछि कम दृश्यता (भिजीबिलिटी) हुँदा पनि हवाई उडान हुने बताउनुभयो। अहिले पोखरामा तीन हजार १०० मिटर दृश्यतामा विमान उडान तथा अवतरण भइरहेकामा उक्त प्रणाली लागू भएपछि दुई हजार मिटर दृश्यतामा उडान हुने उहाँको भनाइ छ। "यो प्रणाको मुख्य फाइदा भनेको नै कम भिजीबिलिटीमा उडान अवतरण हुनु हो, यसबाट उडान रद्द हुने, डाइभर्सन हुनेजस्ता समस्या कम हुन्छ", उहाँले भन्नुभयो।

आगामी चार महिनाभित्रमा उक्त प्रणाली कार्यान्वयनमा ल्याउनेगरी प्राधिकरणले प्रक्रिया अगाडि बढाएको महाप्रबन्धक निरौलाले बताउनुभयो । उक्त प्रणाली सञ्चालनका लागि जहाजमा पनि सोहीअनुसारको उपकरण जडान गर्नुपर्ने र विमान चालकले तालिम लिनुपर्ने उहाँको भनाइ छ। यो प्रणाली कार्यान्वयनमा आएपछि आन्तरिक तथा अन्तराष्ट्रिय उडान थप सहज हुने जनाइएको छ।

आवश्यक प्राविधिक तथा नियमाकीय प्रक्रिया पूरा गरी उक्त प्रणाली कार्यान्वयनमा आउने प्राधिकरणले जनाएको छ।

यसबाट हवाई उडान सञ्चालनको सुरक्षा, नियमितता र पूर्वानुमानयोग्य उडान हुने विश्वास लिइएको छ । कम दृश्यताका कारण हवाई उडान सञ्चालनमा आउने अवरोध न्यूनिकरण र यात्रुलाई थप भरपर्दो हवाई सेवा प्रदान हुने जनाइएको छ।

## नेपालको कृषि रुपान्तरणको चरणमाः कृषिविज्ञ

रासस
काठमाडौँ, ३० असोज

सरोकारवाला विज्ञले नेपालको कृषि क्षेत्र रूपान्तरणको चरणमा पुगेको बताउनुभएको छ।

छयालिसौँ विश्व खाद्य दिवसका अवसरमा शुक्रबार यहाँ आयोजित कार्यक्रममा कृषि विज्ञहरुले सो धारणा राख्नुभएको हो । उहाँहरुले व्यावसायिक खेती, नवप्रर्वतन र नयाँ प्रविधिको प्रयोगबाट किसानको समृद्धि सम्भव हुने दावी गर्नुभएको छ । कार्यक्रममा कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले सरकारले कृषिको आधुनिकीकरण, कृषि बिमा, मलमा अनुदान र डिजिटल कृषिलाई प्राथमिकतामा राखेको बताउनुभयो । उहाँले कृषिमा नवप्रवर्तन, प्रविधिको प्रयोग, बजारसँगको पहुँच र मूल्यको उचित विश्लेषणले किसानको जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो।

कार्यक्रममा मन्त्रालयका सहसचिव डा रामकृष्ण श्रेष्ठले खाद्य उपभोगमा विविधता बढे पनि कुपोषण, खाद्य असुरक्षा र अस्वस्थकर खानपानको समस्या कायम रहेको बताउनुभयो।

उहाँले जलवायु परिवर्तन, खेतीयोग्य जमिनको क्षयीकरण, कृषि उत्पादन लागतमा वृद्धि र खाद्य आपूर्ति शृखलामा आउने अवरोध नेपालको खाद्य तथा पोषण सुरक्षाका प्रमुख चुनौती बनेको बताउनुभयो।

उहाँले जलवायु परिवर्तनलाई कृषि र खाद्य सुरक्षाको भविष्यमा प्रभाव पार्ने प्रमुख चुनौतीका रूपमा चित्रण गर्नुभयो।

सहसचिव श्रेष्ठले प्रतिहेक्टर वार्षिक ८७ टन माटो बगेर जाने गरेको उल्लेख गर्दै माटो संरक्षणलाई खाद्य सुरक्षा र दिगो कृषिको प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । त्यसैगरी खाद्यका लागि कृषि अभियानका


बाँकी अन्तिम पृष्ठमा ▸▸


## प्रधानमन्त्री शाहको भारत भ्रमण आगामी मंसिर दोस्रो साता हुने

रासस
काठमाडौँ, ३० असोज

प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमण आगामी मङ्सिर दोस्रो साता हुने भएको छ।

परराष्ट्रमन्त्री शिशिर खनालले शुक्रबार सञ्चारकर्मीहरूसँगको कुराकानीमा प्रधानमन्त्री शाहको भारत भ्रमण हुने बताउँदै मितिका सम्बन्धमा भने सार्वजनिक समाचारमा उल्लेख भएकै आसपासको मितिमा हुने उल्लेख गर्नुभयो । विभिन्न सञ्चारमाध्यममा प्रधानमन्त्री शाहको भारत भ्रमण आगामी मङ्सिर दोस्रो साता हुने समाचारहरू सार्वजनिक भएका छन् । मन्त्री खनालले भन्नुभयो, "तर आजका दिनसम्म हामीले औपचारिक रुपमा निश्चित गरिसकेका छैनौँ ।" वर्तमान सरकार गठन भएदेखि नै भारत सरकारसँग नियमित सम्पर्क भइरहेको जानकारी गराउँदै उहाँले प्रधानमन्त्रीको आगामी भ्रमण परिणाममुखी र उपलब्धिमूलक हुने आफूहरूको चाहना रहेको बताउनुभयो। "भ्रमणका दौरान 'ट्रेड र ट्रान्जिट', कनेक्टिभिटी, ऊर्जा, सीमालगायत विषयमा केही न केही सकारात्मक प्रगती होस् भन्ने छ", मन्त्री खनालले भन्नुभयो।

भ्रमणका क्रममा ठूला पूर्वाधार तथा जलविद्युत् परियोजनाको उद्घाटन र शिलान्यासँगै विभिन्न सम्झौतामा हस्ताक्षर हुने बताइएको छ। गत १३ चैतमा वर्तमान सरकारको नेतृत्व सम्हालेयता प्रधानमन्त्री शाहको पहिलोपटक भारत भ्रमण हुन लागेको हो।

## बेनीबाट म्याग्दीको सदरमुकाम स्थानान्तरण गर्न मन्त्री पुनको प्रस्ताव

पोखरापत्र संवाददाता
म्याग्दी, ३० असोज

विज्ञान, प्रविधि तथा नवप्रर्वतनमन्त्री महाविर पुनले म्याग्दीको सदरमुकाम बेनी बजारबाट स्थानान्तरण गर्न प्रस्ताव गर्नुभएको छ ।

जिल्ला प्रशासन कार्यालय म्याग्दीमा आज बिहान भएको जनप्रतिनिधि तथा कार्यालय प्रमुखहरूसँगको छलफलका क्रममा म्याग्दीबाट निर्वाचित प्रतिनिधिसभा सदस्यसमेत रहेका मन्त्री पुनले नदी कटान, बाढीपहिरोको उच्च जोखिममा रहेकोबेनीबजारबाटसदरमुकामलाई सुरक्षित र उपयुक्त ठाउँमा सार्नुपर्ने धारणा राख्नुभएको हो । "अब सदरमुकाम कहाँ सार्ने भनेर छलफल गर्नुपर्यो", उहाँले भन्नुभयो, "प्रोटेक्सन गर्ने की सार्ने त्यो छलफल गरौँ ।" जोखिमयुक्त ठाउँको जतिसुकै संरक्षण गरे पनि प्राकृतिक विपद्लाई छेक्न नसक्ने भएकाले विकल्प सोच्नुपर्ने मन्त्री पुनको भनाइ थियो। यही असोज ८ देखि ११ गतेसम्मको निरन्तरको झरीपछि कालीगण्डकी नदीमा आएको बाढीले बेनी नगरपालिका-८ गणेशटाल क्षेत्रमा निर्माण



भएको पक्की तटबन्ध भत्काएको र बेनीको कुनातर्फ रहेको भिरालो पाखामा जमिन चर्किएर पहिरो खस्न थालेको छ। बेनी नगरपालिकाका प्रमुख सुरत केसीले विपद्को क्षतिको विषयमा जानकारी गराउँदै नदी र पहिरो नियन्त्रण गरि सदरमुकामलाई सुरक्षित बनाउन प्रदेश र सङ्घीय सरकारबाट सहयोगको अपेक्षा राख्नुभएको थियो । "नदीले कटान गरेको छ, भित्ताको पहिरो पटकदेखि डरलाग्दो गरी गएको छ र भूवर्गविद्हरूले अलिकति सङ्केत गर्नुभएको छ", केसीले भन्नुभयो, "सदरमुकामको बस्ती, यहाँको बैंक अर्को वर्खामा यहाँ नरहने अवस्था आउन नदिनका लागि मानसिक र भौतिक रूपमा रोकथाम गर्न सकिने बजेटको लागि माथिल्लो सरकारसँग अपेक्षा राखेका छौं ।"मन्त्री पुनले सरकारले कालीगण्डकी, भोटेकोशी र बुढीगण्डकी बेसिनमा बाढीपहिरोले क्षति पुर्याएको निजी आवास र भौतिक संरचनाको पुनःनिर्माण तथा पुनःस्थापनाका लागि सरकारले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत काम अघि बढाएकाले तथ्याङ्क सङ्कलन र समन्वय गर्न आग्रह गर्नुभयो ।

"तीनै तहका सरकारको साझेदारी र सहकार्यमा पुनःनिर्माण र पुनःस्थापनाको काम अघि बढाएका छौं, सङ्घीय सरकारले उपलब्ध स्रोतसाधन परिचालनमा विभेद र कन्जुस्याई गर्दैन", मन्त्री पुनले भन्नुभयो, "पहिलो चरणमा पछिल्लो विपद्बाट प्रभावित स्थानीय तहलाई तीन वर्गमा विभाजन गरेर रु २० लाख, रु ३० लाख र ४० लाखका दरले बजेट पठाउने निर्णय गरिसकेका छौं ।" बैठकमा गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुजाली र हरिबहादुर भण्डारीले प्रदेश तहबाट हुने सहयोगका लागि भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाउँदै स्पष्ट कार्ययोजना बनाएर बर्खाअघि नै काम सम्पन्न हुने गरी स्रोत परिचालनमा सङ्घीय सरकारले अग्रसरता लिनुपर्ने बताउनुभयो।

प्रमुख जिल्ला अधिकारी गणेश गैरेले विपद्को समयमा भएका पूर्वतयारी, राहत, उद्धारका कामको बारेमा जानकारी गराउँदै अब पुनःनिर्माण र पुनःस्थापनामा जुट्नका लागि बजेटनै प्रमुख चुनौति बनेको बताउनुभयो । छलफलमा म्याग्दीमा क्रियाशील राजनीतिक दलका प्रतिनिधी, जनप्रतिनिधि र कार्यालय प्रमुखले भएका गतिविधि र भावी योजनाका विषयमा आफ्ना सुझाव प्रस्तुत गर्नुभएको थियो।




**सूक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

**सम्पादकीय**

# दसैंको शुभकामना !

बहुसंख्यक नेपालीको सबैभन्दा ठूलो पर्व दसैं हाम्रो घर आँगनमा आइपुगेको छानेपालबाट मनसुन बाहिरि एसंगै मौसम सफा भएको छ। केही ठाउँमा फाट्टफुट्ट वर्षा भए पनि निलो आकाश, घामको न्यानो र पहेंलपुर धान भुलेसंगै दसै नजिक आएको संकेत मौसमले दिन्छ। बजारमा किनमेल गर्नेको घुँइचो र सवारीसाधनमा यात्रा गर्नेको भिड र घर फर्कनेको लर्कोले दसैंको रौनकले जताततै छोपिसकेको छ। दसैंले नेपालमा सांस्कृतिक पर्वको रूप धारणा गरिसकेको छ। त्यसैले कुनै जाति, समूह, धर्मविशेष र भूगोलभन्दा व्यापक भइसकेको छ। दसैं साझा पर्व भएको छ।

हिमालदेखि तराईसम्मै फैलिएको छ। सद्भाव र भाइचारा बढाउँदैछ। ठाउँअनुसार र समुदाय अनुसार दसैं मनाउने नेपालीका आ-आफ्ना तरिका छन्। कतै एक दिनमात्रै टीका लगाएर मनाइन्छ, कतै पाँच दिन। कतै रातो टीका लगाइन्छ, कतै सेतो टीका। बौद्ध धर्मावलम्बीसमेत सम्राट अशोकले युद्ध त्यागेको दिन सम्झिएर अहिंसा पर्वका रूपमा मनाउँछन्। दसैंको प्रमुख विशेषता नै आफन्तहरूको भेटघाट हो। वर्षमा अरू कहिल्यै र कुनै दिन फुर्सद नपाएकाहरूले पनि परिवार र आफन्त सम्झिने, भेटघाट गर्ने मौका यही हो। रिसराग र वैरभाव बिर्सेर मिलनका सेतुहरू जोड्ने मौका पनि यही हुन्छ। दसैं नेपालको ठूलो आर्थिक पर्व पनि हो। कुनै जमाना हुन्थ्यो, नयाँ लुगा दसैंमै किन्ने, मासु दसैंमा खाने। अचेल आर्थिक अवस्था उकासिँदा थुप्रै नेपालीलाई मासु खान र नयाँ लुगा किन्न दसैं आउनु पर्दैन। तर एउटा बानीचाहिँ जुनसुकै नेपालीमा छ, केही न केही नयाँ चिज किन्नु छ भने दसैंमा किन्ने।

बजारमा किनमेल यही बेला धेरै हुन्छ। दसैंले अर्थतन्त्रका धमनीहरूमा गजबको रक्तसञ्चार गराउँछ। अर्थतन्त्र चलायमान पार्छ। यश वर्ष भोटेकोसी, कालीगण्डकी, बुढीगण्डकी नदिमा आएको बाढीले धेरै जन धनको क्षति पुर्याएको छ।हजारौंले अनाहकमा ज्यान गुमाए। हजारौं बेपत्ता भएका छन।वस्ती उजाड भएको छ। हाइड्रोपावर, पुल, सडक, भवन वगाएको छ।शहर बगरमा परिणत भएको छ।अकल्पनीय हिम पहिरो, बाढी र डुवानले ठूलो क्षति व्यहोर्नुपरेको अवस्थालाई पनि भुलेर दसैं मनाउन सबै आ आफ्नो थाकथलोमा पुगेका छन।पुग्दैछन।

सरकारले आफ्ना नागरिकलाई वस्तु तथा सेवा पाउन सहज बनाउन पटक्कै ध्यान दिनसकेन। बजार अनुगमन छारो हाल्ने काम भएको छ। पीडा विर्साउन राहत नदिएपनि केही गर्नुपर्छ भन्ने चेत पनि नपाएको अवस्था छ।जे जस्तो परिस्थिति भए पनि रोजगारदाता/कर्मचारीहरूले दसैं भत्ता पनि पाउँछन्। पैसाको आपूर्ति अत्यधिक यही बेला हुन्छ। राष्ट्र बैंकले सर्वसाधारणलाई नयाँ नोट उपलब्ध गराउन पनि दसैंको छेको पर्खन्छ। दुःखहरूलाई केही दिन भए पनि मुलतबीमा राखेर हर्षोल्लास गर्ने पर्व दसैंले सर्वसाधारणदेखि ठूलाबडाहरूलाई एकैसाथ खुसी दिन्छ। जसैजसै यो पर्व अधिकतर नेपालीको अपनत्व सँगाल्दै व्यापक भएको छ, देश-विदेशका नेपालीलाई जोड्ने एकताको सूत्र बन्दै गएको छ। यसले सबै नेपालीलाई हर्ष देओस्। शान्ति र सुख-समृद्धि देओस्। सबैलाई शुभकामना।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# पहिरो प्रभावितलाई श्रमदानबाट अस्थायी आवास

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० असोज

म्याग्दीको बेनी नगरपालिका-९ ढोल्ठानमा स्वयंसेवकहरूले श्रमदान गरेर पहिरो प्रभावितहरूका लागि अस्थायी आवास निर्माण गरेका छन्।

यही असोज ८ देखि ११ गतेसम्म परेको अविरल वर्षापछि गएको पहिरोले ढोल्ठानका रामचन्द्र परियार र रेखा दर्जीको घर बगाएको थियो। घर गुमाएर समस्यामा परेका दुवै परिवारका लागि साहारा समूहका स्वयंसेवकको श्रमदान र स्थानीयवासीको सहयोगमा अस्थायी आवास निर्माण गरिएको हो। साहारा समूहका संयोजक प्रकाश पौडेलले दिवाकर गोल्छा फाउन्डेसनले उपलब्ध गराएको जस्तापाताले छाएर काठ र ढुङ्गामाटोको प्रयोग गरेर दुईवटा घर निर्माण गरेको बताउनुभयो। घर निर्माणका लागि काठजन्य सामग्री स्थानीयवासीले सहयोग गरेका थिए। समूहका १५ जना युवाले १० दिनसम्म श्रमदान गरेर अस्थायी आवास बनाएका हुन्। विपद्का कारण घरबारविहीन भएका परिवारलाई तत्काल बसोबासको व्यवस्था मिलाउने उद्देश्यले आवास निर्माण गरिएको उहाँले बताउनुभयो। त्यसैगरी, बाढीपहिरोबाट प्रभावित अन्य परिवारलाई समेत सहयोग गर्ने उद्देश्यले म्याग्दीको मङ्गला गाउँपालिकामा पनि थप अस्थायी आवास निर्माणको काम अघि बढाइएको संयोजक पौडेलले बताउनुभयो। असोज दोस्रो साता परेको अविरल वर्षापछि म्याग्दीका विभिन्न बस्तीमा बाढीपहिरोले घर, सडक, खानेपानीलगायतका संरचनामा क्षति पुर्‍याएको छ। विपद्बाट प्रभावित परिवारलाई पुनःस्थापना गर्न स्थानीयवासी, विभिन्न सङ्घसंस्था र सहयोगी निकायले राहत तथा पुनर्निर्माणका काम गरिरहेका छन्।

# एनएफएल आगामी फागुनदेखि

**रासस**
काठमाडौं, ३० असोज

नेपाली फुटबललाई व्यावसायिक बनाउने उद्देश्यसहित नेपाल फुटबल लिग (एनएफएल) आगामी फागुन महिनामा हुने भएको छ।

विभिन्न सात टोली सहभागी यस प्रतियोगितामा होम एन्ड अवेका आधारमा संचालन हुने आज यहाँ आयोजित पत्रकार सम्मेलनमा एनएफएलका अध्यक्ष कल्याण गुरुङले जानकारी दिनुभयो। उहाँले नेपाली फुटबलमा नयाँ अध्याय सुरु गर्ने लक्ष्यसहित यस प्रतियोगिता आयोजना गर्न लागिएको बताउनुभयो। नेपाली फुटबलको इतिहास लामो भए पनि सफलता हासिल गर्ने क्रममा विभिन्न चुनौती रहेको उल्लेख गर्दै ती चुनौतीलाई अवसरमा बदल्न एनएफएलको अवधारणा अघि सारिएको अध्यक्ष गुरुङले उल्लेख गर्नुभयो। लिगलाई पूर्ण व्यावसायिक प्रतियोगिताका रूपमा विकास गर्ने आयोजकको लक्ष्य रहेको उहाँले बताउनुभयो।

करिब चार महिना सञ्चालन हुने उक्त प्रतियोगितामा काठमाडौं रेजर्स फुटबल क्लब, ललितपुर सिटी फुटबल क्लब, एफसी चितवन फुटबल क्लब, पोखरा थन्डर्स, बुटवल लुम्बिनी फुटबल क्लब, झापा एफसी र धनगढी एफसी सहभागी हुनेछन्। लिग सञ्चालनका लागि आवश्यक रङ्गशालाको उपलब्धता र अन्य तयारीलाई ध्यानमा राखेर प्रतियोगिता अघि बढाइने जनाइएको छ।

# 'पिकअप भ्यान'को ठक्करबाट बालकको मृत्यु

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० असोज

ढोरपाटन नगरपालिका-८ सुनारथोकमा पिकअप भ्यानको ठक्करबाट चार वर्षीय बालकको मृत्यु भएको छ।

बाटो काटिरहेका बालकलाई द्रुत गतिमा रहेको भ्यानले ठक्कर दिएको थियो। जिल्ला प्रहरी कार्यालयका प्रमुख फडिन्द्रप्रसाद प्रसाईंका अनुसार गम्भीर घाइते बालकलाई बुर्तिबाङ प्रादेशिक अस्पताल पुर्‍याइएकामा चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए। यो घटना आज अपराह्नको हो। पिकअप र त्यसका चालक हिमाल विकलाई नियन्त्रणमा लिइएको छ।

# डेढगाउँ जोड्ने कालीगण्डकीको पुल सञ्चालन

**पोखरापत्र संवाददाता**
दमौली, ३० असोज

कालीगण्डकी नदीमा आएको बाढीले पहुँचसडक बगाएको घिरिङ र डेढगाउँ जोड्ने पक्की पुल १८ दिनपछि सञ्चालनमा आएको छ।

तनहुँको घिरिङ गाउँपालिका र नवलपुरको बौदीकाली गाउँपालिकाको डेढगाउँ जोड्ने कालीगण्डकी नदीको पक्की पुलको दुवैतर्फको पहुँच सडक यही असोज ११ गतेको बाढीले बगाएको थियो। नवलपुरतर्फको अस्थायी पहुँच सडक गत साता नै निर्माण गरिएको भए पनि तनहुँतर्फको सडक भने बुधबार सम्पन्न भएको हो। दुवैतर्फको पहुँच सडक निर्माण भएपछि कालीगण्डकी पुलबाट बुधबारदेखि नै सवारीसाधन सञ्चालनमा आएको घिरिङ गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले जानकारी दिनुभयो। उक्त पुलको घिरिङतर्फको पहुँच सडक मर्मत कार्य सडक डिभिजन कार्यालय, तनहुँको आर्थिक तथा प्राविधिक सहयोगमा सिद्धबाबा निर्माण सेवा, स्याङ्जाले युनिट रेट सम्झौतामार्फत काम गरेको थियो। पुल पुनःसञ्चालनमा आएसँगै घिरिङबाट कालीगण्डकी करिडोर हुँदै नवलपुर, पाल्पा, स्याङ्जा, चितवनलगायत स्थानमा आवतजावत सहज हुनाका साथै स्थानीय नागरिक, यात्रु तथा मालसामान ढुवानीमा पनि राहत पुग्ने अपेक्षा गरिएको छ। करिब १२ वर्षअघि निर्माण गरिएको उक्त फलामे पुल गैंडाकोट-पिपलडाँडा जोड्ने कालीगण्डकी करिडोर नजिकै पर्छ। पोखरा, गैंडाकोट र रामपुर क्षेत्र ओहोरदोहोर गर्ने मुख्य नाका मानिने यो पुलको पहुँच मार्ग नबन्दा दैनिक हजारौं यात्रु तथा सयौं सवारीसाधन अलपत्र परेका थिए। गाउँपालिकाका अध्यक्ष थापाले पुल सञ्चालनमा आएसँगै दसैंको बेलामा नागरिकलाई राहत मिलेको बताउनुभयो।

# पर्वतका पहिरो पिडीतलाई बिश्वकर्मा समाजको सहयोग



**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज

पर्वत जिल्ला फलेवास नगर पालिका वडा नं ८ सलेनधारा ढापाकुना, ओखेनी र कालमुढामा असोज दोश्रो हप्ता ५ दिनसम्म निरन्तर परेको वर्षाले पहिरो गएर गाउँ नै विस्थापित हुन पुगेका ३१ परिवारलाई बिश्वकर्मा समाज पर्वत स्याङ्जा कास्कीले राहत सामाग्री प्रदान गरेको छ।

समाजका अध्यक्ष चन्द्र किशोर गौतमको अध्यक्षतामा तथा फलेवास नगर पालिका वडा नं ८ का अध्यक्ष मनबहादुर कुँवरको प्रमुख आतिथ्यता र यसै वडाका सामाजिक ब्यक्तित्व संगिता सुनारको सहजिकरणमा औपचारिक रुपमा बितरण गरिएको थियो। आवत जावत नै बन्द हुनेगरी आएको पहिरो र जमिनमा हजारौं धांजा फाटेको हुदा गाउँमा बस्न नै नमिल्ने भएको हुंदा गाउँ बासी ठुलो चिन्तामा रहेको पिडित गाँउलेहरु बताउछन्।

राहत बितरण कार्यक्रममा प्रमुख अतिथि वडा नं ८ का अध्यक्ष मनबहादुर कुंवरले दैवी बिपत्तिमा परेका गाउँ बासीहरुलाई हर तरहले सहयोग गरिरहेका छौं। भु-गर्भ विदहरुलाई बोलाएर अध्ययन निरिक्षण गराईएको छ। राम्रो उपयुक्त ठाउँमा ब्यवस्थापन गरिने छ। यसका लागि सम्भाव्यता अध्ययन भईरहेको जानकारी दिदै पहिरो गएको दिनदेखि नै भेटघाट सहयोग गरिरहेको छु प्राप्त सहयोगलाई पारदर्शी र ब्यवस्थित रुपमा बितरण गरेका छौं।

बिश्वकर्मा समाज पर्वत स्याङ्जा कास्कीले पहिरो पिडितलाई गर्नुभएको अनुकरणीय सहयोगको लागि यश वडाबासीको तर्फबाट धन्यवाद दिन चाहन्छु भन्नुभयो।

समाजका अध्यक्ष एवम् सुनचाँदी ब्यवसायी महासंघ गण्डकी प्रदेशका अध्यक्ष चन्द्र किशोर गौतमले जहाँ समस्या हुन्छ त्यहाँ समाज उपस्थित हुनपुग्छ। पहिरोले मर्माहत बनाएको तपाईंहरुको घाउमा मलमपट्टी मात्रै भए पनि गर्नभनि सानो सहयोग लिएर आएका छौं, यहाँ हरुलाई चाडवाडको बेला भएको बिपत्तिमा सहयोगि मनहरुले सहयोग गर्नुभएको छ यो सानो सहयोग प्रदान गर्न चाहन्छौं। हामीले यसभन्दा अगाडि भोटेकोशीमा बाढीमा परि निधन भएका थुप्रै लासहरु पोखरा आएकोमा उक्त शव ब्यवस्थापन गर्न सरकारलाई गाह्रो भयो, हामीले लास जलाउने दाउरा लगायत सामग्रीको लागि प्रति लास रु. ६००० का दरले सहयोग गरेका थियौं। यस्ता बिपत्तिमा हाम्रो सहयोग रहनेछ भन्नुभयो।

सहजकर्ता संगिता सुनारले यश क्षेत्रमा अत्याधिक दलित उत्पिडीतहरुको वस्ती भएको र उनिहरु बसेको घर नै भत्किएका हुदा बास ब्यवस्थापन गर्न निकै गाह्रो भएको थियो कतिको खाद्यान्न नै घर भत्केर पुरेको हुनाले संघ संस्था गुहार्न परेको हो सहयोगी सबैलाई धन्यवाद दिन चाहन्छु भन्नुभयो।

कार्यक्रम संचालन सचिव दिपेन्द्र कुमार सेन्चुरीले गर्नुभएको थियो।राहत ब्यवस्थापन संयोजक भिम रसाइली ,कृष्णमान रसाइली र धनबहादुर सुनार सुरेन्द्र पोखरेल लगायतले गर्नुभएको थियो।

# अवैध नदी दोहन गर्ने ७० सवारी कारबाहीमा

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० असोज

बागलुङमा तीन वर्षमा अवैध नदीजन्य पदार्थ दोहन गर्ने ७० सवारीसाधन कारबाहीमा परेका छन्। पछिल्लो तीन आर्थिक वर्षमा जिल्लाका विभिन्न नदीमा अवैध दोहन गर्ने सवारीसाधन कारबाहीमा परेका हुन्।

बागलुङनगरपालिकाअन्तर्गत पर्ने कालीगण्डकी नदी, गलकोट नगरपालिकाअन्तर्गत पर्ने दरमखोला, बडिगाड गाउँपालिकाअन्तर्गत पर्ने बडिगाड खोला र ढोरपाटन नगरपालिकाअन्तर्गत पर्ने विभिन्न खोलाबाट अवैध रूपमा उत्खनन् गरिएको ढुङ्गा, गिटी र बालुवा लोड गरिएका टिपर, ट्याक्टर, स्काभेटर, डोजर र जेसिबी कारबाहीमा परेको जिल्ला प्रहरी कार्यालय बागलुङका निमित्त सूचना अधिकारी प्रहरी निरिक्षक यामनारायण अर्यालले बताउनुभयो। प्रहरीले नियन्त्रणमा लिएर पठाएका दोहनमा संलग्न सवारीसाधनलाई स्थानीय तहले निश्चित राजस्व लिएर छोड्ने गरेका छन्। नियन्त्रणमा लिएका सवारीसाधनलाई दोहनबाट भएको क्षतिको अनुमान गरेर स्थानीय तहले तोकेको न्यूनतमदेखि अधिकतम जरिवाना गर्ने गरिन्छ। आव २०८०/८१ मा बागलुङ नगरपालिकाअन्तर्गत सबैभन्दा बढी २१ वटा सवार ीसाधन कारबाहीमा परेका छन्। ढोरपाटन नगरपालिकामा १४ र बडिगाड गाउँपालिकामा चार वटा सवारी कारबाहीमा परेका छन्। कारबाहीमा परेका ती सवारीसाधनबाट तीन वटा स्थानीयतहले रु एक लाख ५७ हजार २८० राजस्व प्राप्त गरेका छन्।


## कम्पनी खारेज सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३/०६/३१ गते

नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६८/५/२८ गते दर्ता भएको आरोहण पब्लिकेशन प्राइभेट लिमिटेड (दर्ता नं. ८६४४९/०६८/०६९ ) नामक कम्पनीको मिति २०८३/६/१८ गरेको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेजी गरिएको बारे सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा फेदीखोला गाउँपालिका वडा नं ०५ निवासी भारतीय भु.पु. सैनिक नं. 5342900 Y NK/TS 4GR का हरि बहादुर गुरुङको श्रीमतीको सैनिक अभिलेखमा तपसिल वमोजिमको नामथर र जन्म मिति फरक परेकोले फरक फरक नामथर र जन्म मिति भएतापनि व्यक्ति एउटै भनी सोही सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं १३३ मिति २०८३/०६/३० को पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही व्यहोरा सिफारिस गरिन्छ।

| ना.प्र.मा नामथर | सैनिक अभिलेखमा नाम थर | नाता | ना.प्र.मा जन्म मिति | सैनिक अभिलेखमा नाम मिति |
|---|---|---|---|---|
| लिल माया गुरुङ | लिल माया गुर्सेनी Lil Maya Gursaini | श्रीमती | २००८/११/०८ 20 Feb 1952 A.D. | 05 May 1958 A.D. |

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

# कालीगण्डकी बाढीले रातोपानीको तातोपानी कुण्ड बगरमा परिणत

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० असोज



प्राकृतिक उपचार र पर्यटकीय स्थलको विकास हुन थालेको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ रातोपानीमा रहेका तातोपानी कुण्ड बगरमा परिणत भएको छ।

यही असोज ८ देखि ११ गतेसम्मको झरिपछि कालीगण्डकी नदीमा आएको बाढी र कटानले कुण्डका संरचना बगाएपछि पर्यटक र बिरामीको आकर्षण बनेको तातोपानी कुण्डको अस्तित्व मेटिएको हो। कुण्डको संरक्षण र पर्यटकीय पूर्वाधार निर्माणमा गरिएको करिब रु एक करोड लगानी बाढीले बगाएर क्षति पुऱ्याएको अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले बताउनुभयो।

"तातोपानीलाई पर्यटकीय स्थलका रूपमा विकास गर्ने उद्देश्यले गाउँपालिकाले विगत नौ वर्षदेखि रु एक करोडभन्दा बढी लगानी गरेर तयार पारेको पूर्वाधार ध्वस्त बनाएको छ", उहाँले भन्नुभयो, "कुण्ड रहेको स्थानबाट अहिले कालीगण्डकी नदी बगिरहेको छ भने तातोपानीको मुहानसमेत पुरानो कुण्डबाट करिब ३० मिटर तल सरेको छ।" कालीगण्डकीको कटानबाट जोगाउन किनारमा निर्माण गरिएको पक्की पर्खाल निर्माण, डुबुल्की मारेर स्नान गर्ने सुविधाका लागि व्यवस्थित पोखरी, टहरा, विश्रामस्थल र शौचालयलगायत पूर्वाधार कालीगण्डकीको बाढीले बगाएको छ। गाउँपालिकाले पछिल्ला केही वर्ष यता प्राकृतिक तातोपानीको मुहान संरक्षण र व्यवस्थापन गर्दै आन्तरिक आम्दानीसमेत गर्दै आएको थियो। चालु आर्थिक वर्ष २०८३/८४ का लागि कुण्ड सञ्चालन गर्न रु. चार लाख पाँच हजारमा ठेक्का सम्झौता भएको थियो। स्थानीयवासी दयाराम जिसीका अनुसार गाउँपालिका, प्रदेश सरकार, स्थानीय र दाताको सहयोग जुटाएर तातोपानीको मुहान संरक्षण तथा व्यवस्थापन भएपछि सो मुहान उपचार, स्नान र मनोरञ्जन स्थलका रूपमा विकास भएको थियो।

"रातोपानीको प्राकृतिक तातोपानी कुण्ड स्नानका लागि आउने पाहुना र पर्यटकका कारण चलायमान हुन थालेको स्थानीय बजार र होटल व्यवसायलाई पनि असर गरेको छ", उहाँले भन्नुभयो, "बाढीका कारण भौतिक संरचनामा क्षतिसँगै रोजगारी र आयआर्जनको अवसर पनि गुमेको छ।" बेनी-जोमसोम सडकको छेउमा रहेको यहाँ प्रतिसेकेण्ड ११ लिटरका दरले ५६ डिग्रीको तातोपानी निस्कने मुहान छ। मुहानबाट निस्किएको पानीलाई पोखरीमा सङ्कलन गरी एक पटकमा ४० देखि ५० जनाले स्नान गर्नसक्ने क्षमताको १०/१० मिटर लम्बाइ र चौडाइ भएको पोखरी बनाइएको थियो। तातोपानी कुण्ड व्यवस्थित भएसँगै मुस्ताङ भ्रमण गरेर फर्किएकाहरुले थकान मेटाउन कुण्डमा स्नान गर्ने गर्दथे। कुण्डमा पर्यटक आगमनसँगै रातोपानी, पोखरेबगर र ठूलोबगरको व्यवसाय प्रवर्द्धनमा टेवा पुगेको थियो। यहाँ चोटपटक लागेको, बज्रिएको, ग्यास्ट्रिक र चिसोका कारण उत्पन्न स्वास्थ्य समस्याबाट पीडित बिरामी तातोपानीमा डुबुल्की मारेर स्नान गर्न आउने गर्दथे।

कुण्ड स्वास्थ्य पर्यटन र उपचारका लागि निकै चर्चित थियो। पुनःयही स्थानमा तातोपानी कुण्ड पुनर्निमाण गर्न कठिन हुनेगरी बाढीले बगाएका कारण तातोपानीको मुहानबाट पानी लगेर अन्यत्र स्थानमा स्नानस्थल निर्माण गर्ने विकल्पकाबारेमाछलफलथालिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो।

# पूर्वाधारसँगै कृषि र पशुपालनमा जोड दिँदै म्याग्दे

**पोखरापत्र संवाददाता**
दमौली, ३० असोज

तनहुँको म्याग्दे गाउँपालिकाले पूर्वाधार निर्माणसँगै कृषि र पशुपालन क्षेत्रलाई प्राथमिकतामा राखेर विभिन्न कार्यक्रम सञ्चालन गरेको छ। स्थानीयको आवश्यकता र उत्पादनसँग जोडिएका योजनालाई प्राथमिकतामा राख्दै सडक, पुल, खानेपानी, सिँचाइ तथा कृषि र पशुपालनका क्षेत्रमा काम अघि बढाइएको हो।

गाउँपालिकाले एक वर्षको अवधिमा दुई दशमलव ७५ किलोमिटर नयाँ सडकको ट्र्याक खोल्ने, चार दशमलव ९५ किलोमिटर सडक ग्राभेल र १४० मिटर सडक कालोपत्र गरेको छ। ग्रामीण बस्तीलाई सडक सञ्जालसँग जोड्दै यातायात सहज बनाउन नयाँ ट्र्याक खोल्ने तथा पुराना सडकको स्तरोन्नतिलाई निरन्तरता दिइएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो। सडक पूर्वाधारसँगै खोलानाला तथा नदीका कारण आवतजावतमा हुने समस्या समाधान गर्न छ वटा मोटरेबल पुल निर्माण गरिएको छ। पुल निर्माणपछि स्थानीय बासिन्दाको आवतजावत तथा कृषि उपज ओसार पसारमा सहजता आएको श्रेष्ठले बताउनुभयो। गाउँपालिकाले खानेपानीको पहुँच विस्तारका लागि ८२ घरमा धारा जडान गरेको छ। घरघरमा खानेपानीको पहुँच पुऱ्याउने उद्देश्यले आवश्यक स्थानमा खानेपानीका संरचना निर्माण तथा विस्तार गरिएको श्रेष्ठको भनाइ छ। स्वास्थ्य र सरसफाइलाई समेत प्राथमिकतामा राख्दै १७ वटा शौचालय निर्माण गरिएको छ। गाउँपालिकाले आधारभूत सरसफाइको पहुँच विस्तार गर्दै स्वच्छ तथा स्वस्थ बस्ती निर्माणमा जोड दिइएको जनाएको छ। त्यस्तै कृषियोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्न तीन सय २२ मिटर सिँचाइ कुलो र वर्षाको पानी तथा खोलाको बहाव नियन्त्रण र सिँचाइ व्यवस्थापनका लागि तीन वटा बाँध निर्माण गरिएको छ। सार्वजनिक स्थान तथा ग्रामीण बस्तीमा विश्राम र सामाजिक भेटघाटका लागि पाँच वटा चौतारा निर्माण गरिएको छ।

कृषिमा उत्पादन र बजारीकरणमा जोड

गाउँपालिकाले स्थानीय अर्थतन्त्रको प्रमुख आधारका रूपमा रहेको कृषिलाई उत्पादनमुखी र व्यावसायिक बनाउने कार्यक्रमलाई प्राथमिकता दिएको छ। कृषकलाई उत्पादनमा प्रोत्साहन गर्ने उद्देश्यले बीउबिजन वितरण गर्नुका साथै कृषि यान्त्रिकीकरणमा समेत सहयोग गरिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो। कृषकलाई हाते ट्र्याक्टर, कुटानी-पिसानीका उपकरण तथा विभिन्न कृषि औजार वितरण गरिएको छ। परम्परागत रूपमा श्रममा आधारित कृषि प्रणालीलाई क्रमशः यान्त्रिकीकरणतर्फ लैजाने उद्देश्यले कृषि उपकरणमा सहयोग गरिएको गाउँपालिकाले जनाएको छ। कृषि उपज उत्पादनपछि बजारसम्म पुर्‍याउन सहज होस् भन्ने उद्देश्यले गाउँपालिकाले कृषि एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको छ। कृषि एम्बुलेन्समार्फत कृषकले उत्पादन गरेका तरकारी तथा अन्य कृषि उपजलाई बजारसम्म पुर्‍याउन सहयोग पुग्ने गाउँपालिकाको अपेक्षा छ। कृषि उपजको उत्पादन बढेसँगै तत्काल बजार नपाउँदा हुने क्षति कम गर्न गाउँपालिकाले चिस्यान केन्द्र सञ्चालनमा ल्याएको छ। चिस्यान केन्द्रले विशेषगरी आलु, तरकारीलगायत छिट्टै बिग्रने कृषि उपजलाई केही समय सुरक्षित राख्न सहयोग गर्ने अध्यक्ष श्रेष्ठले उल्लेख गर्नुभयो। गाउँपालिकाले पशुपालनलाई समेत कृषकको आम्दानीसँग जोड्दै विभिन्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरेको छ। गाउँपालिकाले कृषकले उत्पादन गरेको दूधमा प्रतिलिटर रु दश अनुदान उपलब्ध गराउँदै आएको छ। पशु सुत्केरी भएपछि आवश्यक पोषण व्यवस्थापनका लागि सुत्केरी पशु पोषण अनुदानको व्यवस्था गरिएको छ।

अध्यक्ष श्रेष्ठले गाउँपालिकाले सडक तथा अन्य भौतिक पूर्वाधार निर्माणसँगै कृषि र पशुपालनलाई उत्पादन तथा रोजगारीसँग जोडेर अघि बढाएको बताउनुभयो। उहाँका अनुसार केवल भौतिक संरचना निर्माण गरेर मात्रै स्थानीयको आर्थिक अवस्था सुधार नहुने भएकाले उत्पादन बढाउने, कृषि उपजको बजारीकरण गर्ने तथा पशुपालनलाई व्यावसायिक बनाउने कार्यक्रमलाई समेत प्राथमिकता दिइएको छ।

# चिनाखेतवासीलाई पहिरोले दिएको पीडा

**सन्तोष गौतम**
म्याग्दी, ३० असोज



म्याग्दीको बेनी नगरपालिका-३ भकिम्लीस्थित चिनाखेतकी दिलमती छन्त्यालका लागि यस वर्ष दसैँतिहारको कुनै रौनक छैन। श्रीमान् गुमाउनुको पीडा, बस्ने घर र गोठ पहिरोले बगाएको चोट तथा खेतीयोग्य जमिन बगरमा परिणत भएको अवस्थाले उहाँलाई चाडपर्वको खुसीबाट टाढा बनाएको हो।

यस वर्षको मनसुनजन्य विपद्ले दिलमतीको परिवारको सहारा र आश्रय दुवै खोसेको छ। श्रीमान् ७० वर्षीय लालवीर छन्त्याललाई पहिरोले सुतिरहेकै ठाउँमा पुरेर ज्यान लियो। श्रीमान् गुमाएको शोकमाथि घरगोठ, पशुचौपाया र खेतीपाती गर्ने जमिनसमेत गुमाउनुपर्दा दिलमतीको जीवनमा बज्रपात परेको छ। शरीरमा लागेको घाउ निको हुँदै गए पनि मनमा परेको चोट भने अझै ताजै छ। "दुःख परेको समयमा चाडपर्व पनि नआए हुन्थ्यो जस्तो लाग्नेर हेछ", दिलमतीले भन्नुभयो, "जीवनको सहारा श्रीमानसँगै बस्ने बास पनि खोस्यो। चारवटा भैँसी र पाडासहितको गोठ बगायो। खेतीबाली लगाउने जमिन उराठलाग्दो बगर बनेको देख्दा मन थाम्नै गाह्रो हुँदोरहेछ।"

हजुरबुबाको मायाबाट वञ्चित बालक

दिलमती र लालवीरले आफ्नो परिवारको दुःखबीच सात वर्षीय नाति दर्पण छन्त्यालको लालनपालन र अभिभावकत्वको जिम्मेवारी सम्हाल्दै आउनुभएको थियो। दर्पणका आमा र बुबाले दोस्रो विवाह गरेपछि हजुरबुबा लालबीर, हजुरआमा दिलमती र काकी गौमायाले उनलाई हुर्काउँदै आएका थिए। पहिरो खसेको थाहा पाएपछि नाति दर्पणलाई झ्यालबाट बाहिर निकाल्ने क्रममा दिलमती घाइते हुनुभएको थियो। उहाँ नातिको ज्यान जोगाउन सफल भए पनि आफ्नै जीवनको सहारा बनेका श्रीमान्लाई भने बचाउन नसकेकामा दुःखी हुनुहुन्छ। माया र स्नेह दिने हजुरबुबाको निधनले दर्पणको बालमनमा गहिरो चोट परेको छ। परिवारका सदस्य गुमाउनुको पीडासँगै घरबारविहीन अवस्थाले उनीहरूको दसैँतिहार खल्लो बनेको छ। विगतमा परिवारसँगै बसेर मनाइने चाडपर्व यस वर्ष उनीहरूका लागि दुःखद् सम्झना र अभावको समय बनेको छ।

दुई महिनाको अन्तरमा दोहोरियो विपद्

चिनाखेतका बासिन्दाले यस वर्ष दुई महिनाको अन्तरमा दुईपटक बाढीपहिरोको सामना गर्नुपरेको छ। गत साउन ११ गते र असोज ११ गते आएको बाढीले बस्ती र खेतीयोग्य जमिनमा ठूलो क्षति पुर्‍याएपछि यहाँका बासिन्दा सुरक्षित बसोबासको चिन्तामा परेका छन्। चिनाखेतकी स्थानीय शिक्षक चमेली थापाका अनुसार बाढीपहिरोले बस्तीमा क्षति पुर्‍याएपछि दसैँतिहारको माहोल नै हराएको छ। विपद्को जोखिम बढ्दै जाँदा स्थानीय बासिन्दा आफ्नो थातथलो छाडेर अन्यत्र बसाइँ सर्ने क्रमसमेत बढेको उहाँले बताउनुभयो। "पहिरोले उठिबास लगाएकाले चाडपर्वको माहोल नै हराएको छ", उहाँले भन्नुभयो, "दुई महिनाको अन्तरमा लगातार पहिरो आएपछि चिनाखेतवासी थातथलो छाडेर बसाइँ सर्ने क्रम बढेको छ।" बस्तीमाथिको पाखोमा सक्रिय रहेको पहिरो खोल्सामा मिसिँदा गेगरसहितको बाढी बस्ती र खेतबारीतर्फ पस्ने गरेको छ। पहिरो र बाढीको जोखिम बढेकाले स्थानीयवासीलाई घरमा बस्न र खेतीपाती गर्नसमेत कठिन भएको छ। बेनी नगरपालिका-३ का वडाध्यक्ष पदम पुनका अनुसार साउन ११ गतेको पहिरोले लालवीर छन्त्यालको घरगोठ पूर्ण रूपमा क्षति गरेको थियो। असोज ११ गतेको बाढीले मोती पुन र लोकबहादुर पुनको घर बस्नै नमिल्ने बनाएको छ।

एक सय ५० रोपनी जमिन बगरमा परिणत

चिनाखेतमा बाढीपहिरोबाट ४२ घरपरिवार प्रभावित भएका छन्। वडाध्यक्ष पुनका अनुसार करिब १५० रोपनी क्षेत्रफलमा फैलिएको सुन्तला बगैँचा, कृषि फार्म, धानखेतसहितको खेतीयोग्य जमिन बगरमा परिणत भएको छ। चिनाखेतका बासिन्दाले पछिल्लो समय व्यावसायिक सुन्तला तथा तरकारीखेती विस्तार गर्दै आएका थिए। गाउँमै कृषि व्यवसाय गरेर आत्मनिर्भर बन्ने र रोजगारी सृजना गर्ने स्थानीयको प्रयासलाई बाढीपहिरोले गम्भीर धक्का पुर्‍याएको छ। स्थानीय भवी छन्त्यालले फल दिने बेला भएका करिब १०० सुन्तलाका बोट रहेको आफ्नो बगैँचा पहिरोले पुरिएर बगर बनेको बताउनुभयो। वर्षौँको मिहिनेत र लगानीबाट आम्दानी दिने अवस्थामा पुगेका बोटबिरुवा तथा खेतीयोग्य जमिन नष्ट भएपछि किसानको जीविकोपार्जनमा समेत समस्या थपिएको छ। मगर र छन्त्याल समुदायको बसोबास रहेको चिनाखेतका बासिन्दाले व्यावसायिक कृषिमार्फत आर्थिक अवस्था सुधार गर्ने लक्ष्य राखेका थिए। तर, बस्तीमाथिको पहिरो र खोलामा आउने बाढीका कारण उनीहरूको मिहिनेत र भविष्यका योजनामाथि नै सङ्कट उत्पन्न भएको छ। कृषक धनबहादुर थापाका अनुसार गाउँमै व्यावसायिक कृषि गरेर आत्मनिर्भर र स्वरोजगार बन्ने योजनामा बाढीपहिरो बाधक बनेको छ। खेतीपाती गर्ने जमिन नै जोखिममा परेपछि किसानलाई अब कसरी जीविकोपार्जन गर्ने भन्ने चिन्ताले सताएको छ।

खानेपानी, खेलमैदान र सामुदायिक भवनमा क्षति

बाढीपहिरोलेचिनाखेतकानिजी सम्पत्तिमा मात्र नभई सामुदायिक पूर्वाधारमा समेत क्षति पुर्‍याएको छ। चिनाखेत-डाँडाखानी खानेपानी योजनाको मुहानमा रहेको ट्याङ्की पूर्ण रूपमा क्षति भएको छ। हिमचुली स्पोर्ट्स क्लबको खेलमैदान र चिनाखेतआमासमूहकोभवनसमेत पहिरोमा पुरिएका छन्। खानेपानी, सामुदायिक भवन र खेलमैदानमा क्षति पुगेपछि स्थानीयको दैनिक जीवन र सामुदायिक गतिविधिमा समेत असर परेको छ। बस्तीमाथिको पहिरो सक्रिय रहेकाले आगामी दिनमा थप क्षति हुनसक्ने चिन्ता स्थानीयमा छ। वडाध्यक्ष पुनका अनुसार गाउँ नै जोखिममा परेपछि भूगर्भविद्को टोलीबाट पहिरोको स्थलगत अनुगमन गराइएको छ। पहिरोको अवस्था अध्ययन गरी रोकथाम तथा नियन्त्रणका लागि बेनी नगरपालिका र प्रदेश सरकारसँग पहल गरिएको उहाँले बताउनुभयो।

थातथलो छाड्नुपर्ने बाध्यता

लगातारका बाढीपहिरोले घर र खेतबारी जोखिममा परेपछि चिनाखेतका बासिन्दा सुरक्षित बसोबासको विकल्प खोज्न बाध्य भएका छन्। वर्षौँदेखि बस्दै आएको गाउँ छाड्नुपर्ने अवस्था आउँदा स्थानीयलाई सम्पत्तिको क्षतिसँगै पुर्ख्यौली थलोबाट विस्थापित हुनुपर्ने चिन्ताले सताएको छ। स्थानीय मोती पुनका अनुसार बाढीपहिरोको जोखिम बढ्दै गएपछि गाउँ छाडेर अन्यत्र जाने विषयमा सोच्नुपर्ने अवस्था आएको छ। "पटकपटक पहिरो र बाढीले सताउन थालेपछि चिनाखेतबासीले विकल्प खोज्न थालेका छौँ", उहाँले भन्नुभयो, "बस्ने बास र कमाउने जमिन नै नभएपछि गाउँ नै छोडेर जानुपर्ने अवस्था आएको छ।" सुरक्षित आवासको व्यवस्था नहुँदा जोखिमयुक्त घरमा बसिरहने वा आफ्नो थातथलो छाडेर अन्यत्र जाने भन्ने दोधारमा छन्। खेतीयोग्य जमिन बगरमा परिणत भएपछि कृषि पेसामा आश्रित परिवारलाई दैनिक गुजारा चलाउनसमेत कठिन भएको छ।

पुनःस्थापना र संरक्षणको पर्खाइ

चिनाखेतका बासिन्दाले जोखिमयुक्त घरमा बस्दै आएका परिवारका लागि अस्थायी आवासको व्यवस्था, सुरक्षित स्थानमा पुनःस्थापना तथा पहिरो र बाढी नियन्त्रणका कार्यक्रम सञ्चालन गर्न राज्यका निकायसँग माग गरेका छन्। बस्ती र खेतीयोग्य जमिनको संरक्षणका लागि प्राविधिक अध्ययनका आधारमा दीर्घकालीन योजना आवश्यक रहेको उनीहरूको भनाइ छ। पहिरोको जोखिम न्यूनीकरण, क्षतिग्रस्त खानेपानी योजनाको पुनर्निर्माण र जीविकोपार्जनका आधार पुनःस्थापना हुनसकेमा मात्रै प्रभावित परिवारले सामान्य जीवनमा फर्किने आशा गर्न सक्नेछन्। यस वर्ष चिनाखेतका धेरै घरमा दसैँको तयारीभन्दा सुरक्षित बसोबासको चिन्ता ठूलो बनेको छ। कतिपय परिवारले आफन्त गुमाएका छन्, कतिपयले घरबार र खेतीपाती गर्ने जमिन। चाडपर्वले ल्याउने खुसीभन्दा विपद्ले दिएको पीडा गहिरो बनेको छ।

# शुक्र अस्तले दसैँका कर्म रोकिँदैन: पञ्चाङ्ग निर्णायक समिति

**रासस**
काठमाडौं, ३० असोज

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले शुक्र अस्त भएकै कारण दसैँ मनाउन हुँदैन भनी गरिएको प्रचार शास्त्रसम्मत नरहेको जनाएको छ।

शारदीय नवरात्रको विधि प्रत्येक वर्ष आश्विन शुक्ल पक्षमा गरिने वार्षिक नित्य कर्म भएकाले शुक्र वा वृहस्पति अस्त भएर चाड मनाउन फरक नपार्ने समितिका अध्यक्ष सह प्रा डा पुरुषोत्तम भट्टराईले राससलाई जानकारी दिनुभयो। शुक्र र वृहस्पति अस्त हुँदा नित्य र नैमित्तिक कर्म गर्न शास्त्रीय वचनका आधारमा कुनै बन्देज नभएकाले आम मानिसमा सामाजिक सञ्जालका भरमा भ्रममा नपर्न पनि समितिले आह्वान गरेको छ। वृहस्पति र शुक्र अस्तका बेला कुनै कामना राखेर गरिने कर्म गर्न मात्र नहुने शास्त्रीय वचन रहेको छ।

सामाजिक सञ्जालमा आएका यस्ता हल्लाका पछि लाग्नुपूर्व यस विषयका जानकार धर्मशास्त्रविद् एवं समितिका पदाधिकारीसँग सरसल्लाह, परामर्श गर्न पनि समितिले सम्बद्ध सबैलाई अनुरोध गरेको छ।

यही असोज २८ गते बुधबार दिउँसो १३:४० बजे पश्चिममा अस्त भएका शुक्र कात्तिक ११ गते बुधबार मध्यराति १२:४९ बजे उदय हुने समितिले स्वीकृति दिएका पात्रोमा उल्लेख गरिएको छ।


## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक भकिम्ली गा.वि.स. वडा नं. ५, हाल बेनी नगरपालिका वडा नं. ३ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. ६०२९६९ K, सुबेदार/अ. लेफ्टनेन्ट महेन्द्र बहादुर राना मगरको श्रीमती कृष्ण कुमारी राना मगरको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर कृष्णकुमारी घर्ति मगर र जन्ममिति वि.सं. २०२५/०५/२६ (ई.सं. १९६८/०९/१०) उल्लेख भएको साथै निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर कृष्ण कुमारी राना मगर र जन्ममिति वि.सं. २०२६/०४/१७ (ई.सं. १९६९/०८/०१) उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित बेनी नगरपालिका ३ नं. वडा कार्यालयको च.नं. ४०२, मिति २०८३/०६/०९ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही बमोजिम सिफारिस गरिन्छ।

**जिल्ला प्रशासन कार्यालय म्याग्दी, बेनी**